उत्तरगया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा

वागमती प्रदेश, नेपाल

प.सं.२०८३/०८४

च.नं.

मिति:२०८३/०६/१६

## बाढीबाट प्रभावित परिवारहरुको विवरण सार्वजनिक गरिएको सम्बन्धी सार्वजनिक सूचना

मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीको कारण यस उत्तरगया गाउँपालिका भित्र भएको क्षतिको विवरण संकलन गर्न यस गाउँ कार्यपालिकाको कार्यालय मार्फत ५ वटै वडामा कर्मचारी तथा शिक्षकहरु खटाइएको र उहाँहरुबाट प्राप्त क्षतिको विवरण प्रत्येक वडा समिति तथा सर्वदलिय बैठकबाट निर्णय भइ यस गाउँपालिकाको कार्यालयमा प्राप्त भएको बेहोरा अवगत गराउन चाहन्छु।

उक्त विवरणको आधारमा मिति २०८३ असोज १४ गते बसेको स्थानीय विपद् व्यवस्थापन समिति र गाउँ कार्यपालिकाको बैठकबाट प्राप्त प्रभावितहरुको सूचीमा नाम समावेश गर्न छुट भए अथवा नाम सच्याउनु पर्ने भएमा दावि विरोधको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय भए बमोजिम उत्तरगया गाउँपालिकाका ५ वटै वडाका बाढी प्रभावित परिवारहरुको नामावली तपसिल बमोजिम प्रकाशन गरिएको बेहोरा सम्बन्धित सबैमा जानकारी लागि अनुरोध गरिन्छ।

प्रकाशन गरिएको क्षतिको विवरण चित्त नबुझेका वा कसैको विवरण दोहोरो परेको वा क्षति नभएको व्यक्तिको नामथर परेको भए उक्त नाम हटाउने प्रक्रियाको लागि गुनासो गर्न सूचना प्रकाशन भएको मितिले ३(तिन) दिन भित्र उत्तरगया गाउँपालिकाको कार्यालय वा सम्वन्धित वडा कार्यालयहरुमा सम्पर्क गर्न हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

२०८३/६/१६

तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत